स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly    साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१   जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१

वर्ष -१४ , अंक-३   २०८३ साउन १८, सोमवार   August 3ww, 2026   मुल्य रु.- १० ।   jantapatra.com

## बलेफीमा वडा सिमाना विवाद विषयमा स्थलगत अध्ययन

जनतापत्र , चौतारा

गाउँपालिका तथा नगरपालिका र वडाको सङ्ख्या तथा सिमाना हेरफेर तथा नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ बमोजिम बलेफी गाउँपालिकामा वडा सिमाना  विषयमा स्थलगत अध्ययन, अनुगमन तथा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका प्रमुख तथा अध्ययन समितिका संयोजक बालकृष्ण श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख पदमनाथ नेपाल, बलेफी गाउँपालिकाका अध्यक्ष गंगा बहादुर तामाङ, सहायक प्रमुख जिल्ला अधिकारी, भूमि प्रशासन कार्यालयका प्रमुख, नापी कार्यालयका प्रमुख तथा अध्ययन समितिका अन्य सदस्यहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमअन्तर्गत हाल बलेफी



गाउँपालिका वडा नं. ४ मा समावेश साविक फुल्पिङडाँडा गाविस वडा नं. ८ तथा हाल वडा नं. ५ मा समावेश साविक फुल्पिङडाँडा गाविस वडा नं. ५ को स्थलगत निरीक्षण तथा सीमाना अध्ययन गरिएको थियो । अध्ययन टोलीले सम्बन्धित क्षेत्रको भौगोलिक अवस्था, बस्तीको बनोट, सेवा प्रवाहको अवस्था तथा प्रशासनिक पहुँचको समेत अवलोकन गरेको थियो ।

साविक फुल्पिङडाँडा गाविसका वडा नं. ५ र ८ लाई समायोजन गरी बलेफी गाउँपालिकामा नयाँ वडा थप गर्ने विषयमा स्थानीय बासिन्दा, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी, सांस्कृतिक तथा भाषिक पहिचानसँग सम्बन्धित समुदायका प्रतिनिधि, सीमाविद्, भूगर्भविद्, विपद् व्यवस्थापन तथा वातावरणविद्लगायत सरोकारवालासँग विस्तृत अन्तरक्रिया र छलफल गरिएको थियो ।

छलफलका क्रममा सहभागीहरूले नयाँ वडा गठन गर्दा भौगोलिक निरन्तरता, जनसङ्ख्या, बस्तीको अवस्था, सामाजिक तथा सांस्कृतिक पहिचान, भाषिक विविधता, सेवा प्रवाहको सहजता, प्रशासनिक पहुँच, भौतिक पूर्वाधार तथा स्थानीय आवश्यकतालाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरेका थिए । स्थानीयवासीले नयाँ वडा गठन भए सेवा प्राप्त गर्न सहज हुने, प्रशासनिक पहुँच बढ्ने तथा स्थानीय विकासका काम थप प्रभावकारी बन्ने विश्वास व्यक्त गरेका छन् ।

अध्ययन समितिले स्थानीयवासीका सुझाव, तथ्याङ्क तथा स्थलगत अवस्थाको आधारमा आवश्यक प्रतिवेदन

बाकी पेज नं ६ मा

## लप्से खोलामा स्थायी कल्भर्ट निर्माणको तयारी

जनतापत्र, बलेफी

सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाका सबैभन्दा विकट बस्तीमध्ये पर्ने तेङ्थली, सिमासिङ र ओख्रेनीका स्थानीयले वर्षौंदेखि भोग्दै आएको यातायात समस्याको दीर्घकालीन समाधान हुने भएको छ । गाउँपालिकाले लाप्से खोलामा पक्की ढलानसहितको कल्भर्ट (पुल सरहको संरचना) निर्माणको प्रक्रिया अघि बढाएपछि स्थानीयमा उत्साह थपिएको छ ।करिब ६-७ वर्षअघि आएको भीषण बाढी र पहिरोले लाप्से खोलामा रहेको सवारीसाधन सञ्चालन हुने सडक पूर्ण रूपमा बगाएपछि सिमासिङ र ओखेनीका बासिन्दाले निकै कठिनाइ झेल्दै आएका थिए । यसअघि चार मिनेटमै पार गर्न सकिने दूरी पार गर्न स्थानीयलाई जोखिमपूर्ण र घुमाउरो बाटो हुँदै २० देखि २५ मिनेट लाग्ने अवस्था सिर्जना भएको थियो । यसले स्थानीयको दैनिक जनजीवन, कृषि उत्पादन ढुवानी, विद्यार्थीको आवतजावत तथा बिरामीको उपचारमा समेत ठूलो असर परेको थियो ।

वर्षौंदेखि समाधानको प्रतीक्षामा रहेको उक्त समस्यालाई मध्यनजर गर्दै बलेफी गाउँपालिकाले स्थायी समाधानको पहल थालेको हो । गाउँपालिका उपाध्यक्ष सरु लामा तामाङको निर्देशनमा प्राविधिक टोली र स्थानीय युवाहरूले लाप्से खोलाको स्थलगत निरीक्षण तथा प्राविधिक सर्वेक्षण सम्पन्न गरेका छन् ।

स्थलगत अध्ययनका क्रममा खोलाको बहाव, भू-बनोट, सडकको अवस्था तथा भविष्यमा आउन सक्ने बाढीको जोखिमलाई समेत ध्यानमा राखेर पक्की ढलानसहितको कल्भर्ट निर्माण गर्ने प्रारम्भिक योजना तयार गरिएको छ । गाउँपालिकाका अनुसार निर्माण गरिने संरचना साधारण कल्भर्टभन्दा बलियो हुने र पुलकै डिजाइनअनुसार निर्माण गरिने भएकाले दीर्घकालीन रूपमा सुरक्षित रहने अपेक्षा गरिएको छ ।

स्थानीयवासीका अनुसार सडक अवरुद्ध भएपछि वर्षौंदेखि गाउँसम्म सवारीसाधन पुग्न नसक्दा दैनिक उपभोग्य वस्तु ढुवानीदेखि कृषि उत्पादन बजारसम्म पुऱ्याउन कठिनाइ हुँदै आएको थियो । बिरामीलाई स्वास्थ्य संस्था लैजान, विद्यार्थीलाई विद्यालय पुग्न तथा अन्य अत्यावश्यक सेवाका लागि समेत लामो र जोखिमपूर्ण बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको उनीहरूले बताएका छन् ।

उपाध्यक्ष सरु लामा तामाङले विकट बस्तीका नागरिकले भोग्दै आएको समस्या समाधान गर्नु गाउँपालिकाको प्राथमिकता रहेको बताउँदै स्थायी पूर्वाधार निर्माणमार्फत नागरिकलाई सहज सेवा उपलब्ध गराउने लक्ष्यका साथ काम अघि बढाइएको जनाएकी छन् । उनले विकासका योजनालाई आवश्यकताका आधारमा कार्यान्वयन गर्दै गाउँपालिकाभित्रका दुर्गम बस्तीलाई सडक सञ्जालसँग प्रभावकारी रूपमा जोड्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

प्राविधिक टोलीले सर्वेक्षणका क्रममा स्थानीयवासीसँग समेत छलफल गरी निर्माण प्रक्रियामा आवश्यक सुझाव संकलन गरेको थियो । स्थानीय युवाहरूले पनि सडक पुनः सञ्चालनका लागि गाउँपालिकाले देखाएको सक्रियताको स्वागत गर्दै निर्माण कार्य समयमै सम्पन्न गर्न आग्रह गरेका छन् ।

## घर पूर्ण रूपमा क्षतिग्रस्त

जनतापत्र, सुनकोशी

सिन्धुपाल्चोकको सुनकोसी गाउँपालिका–३ स्थित स्याले दोभान नजिकै आपबोट क्षेत्रमा अविरल वर्षापछि आएको लेदो घरभित्र पसेर एक घर पूर्ण रूपमा क्षतिग्रस्त भएको छ ।

स्थानीय रामबहादुर पहरीको घरमा लगातारको वर्षासँगै माथिबाट बगेको लेदो र पहिरोको माटो पसेपछि घर बस्न नमिल्ने अवस्थामा पुगेको हो । घरभित्र ठूलो मात्रामा लेदो भरिँदा भवनको संरचनामा समेत क्षति पुगेको स्थानीयले बताएका छन् ।

घटनापछि घरमा रहेका परिवारका सदस्यहरू सुरक्षित स्थानमा सारिएको जनाइएको छ । मानवीय क्षति भने नभएको प्रारम्भिक जानकारी प्राप्त भएको छ । तर घरभित्र रहेका खाद्यान्न,

बाकी पेज नं ६ मा

प्रकाशक
टीका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## विपद्प्रति सचेत बन्ने समय

मनसुनसँगै बाढी र पहिरोको जोखिम बढ्ने भएकाले अहिलेको सबैभन्दा ठूलो आवश्यकता पूर्वतयारी र जनचेतना हो । प्राकृतिक विपद् लाई रोक्न सकिँदैन, तर समयमै अपनाइने सावधानीले जनधनको क्षति उल्लेखनीय रूपमा घटाउन सकिन्छ । मौसमसम्बन्धी आधिकारिक सूचना नियमित रूपमा सुन्ने, जोखिमयुक्त क्षेत्रबाट सुरक्षित स्थानतर्फ सर्ने, आवश्यक औषधि, खानेपानी, टर्च, प्राथमिक उपचार सामग्री र अत्यावश्यक कागजात सुरक्षित राख्ने बानीले संकटको बेला ठूलो सहयोग पुर्‍याउँछ ।

विपद्का समयमा अनावश्यक हल्ला फैलाउनु भन्दा सही सूचना आदानप्रदान गर्नु नागरिकको जिम्मेवारी हो । बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा अपांगता भएका व्यक्तिको सुरक्षालाई प्राथमिकतामा राखिनुपर्छ । स्थानीय तह, सुरक्षा निकाय, स्वयंसेवक र समुदायबीचको समन्वय जति प्रभावकारी हुन्छ, उद्धार र राहत कार्य त्यति नै सहज बन्छ ।

जलवायु परिवर्तनका कारण विपद्का घटना बढ्दै गइरहेका छन् । त्यसैले विपद् व्यवस्थापनलाई केवल सरकारी दायित्वका रूपमा होइन, प्रत्येक नागरिकको साझा जिम्मेवारीका रूपमा लिन आवश्यक छ । सतर्कता, तयारी र सहयोगको संस्कार विकास गर्न सके बाढी-पहिरोका जोखिम कम गर्दै सुरक्षित र जिम्मेवार समाज निर्माण गर्न सकिन्छ ।

विचारपत्र

# सिन्धुपाल्चोक : वर्षायाममा सधैं जोखिममा, अब दिगो समाधानको खोजी

टीका सुवेदी

सिन्धुपाल्चोक जिल्ला प्राकृतिक सम्पदा, हिमाली सौन्दर्य, जलस्रोत, धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न जिल्ला हो । उत्तरतर्फ चीनको तिब्बतसँग सीमा जोडिएको यो जिल्ला पर्यटन, जलविद्युत्, कृषि तथा व्यापारिक सम्भावनाका हिसाबले अत्यन्त महत्वपूर्ण मानिन्छ । भोटेकोशी, सुनकोशी, इन्द्रावती, मेलम्ची लगायतका नदीहरूले जिल्लालाई प्राकृतिक रूपमा समृद्ध बनाएका छन् भने हिमाल, ताल, झरना, वनजंगल र जैविक विविधताले यसको आकर्षण अझ बढाएको छ। तर, यिनै प्राकृतिक विशेषताले वर्षायाममा भने जिल्लालाई अत्यन्त जोखिमपूर्ण बनाउने गरेका छन् । मनसुन सुरु हुनासाथ सिन्धुपाल्चोकका धेरै बस्तीमा त्रास फैलिन थाल्छ। वर्षा सुरु भएपछि बाढी, पहिरो, नदी कटान, सडक अवरोध, घर भत्किने, खेतीयोग्य जमिन बग्ने र मानवीय क्षति हुने घटनाहरू यहाँ लगभग नियमितजस्तै बनेका छन्। त्यसैले सिन्धुपाल्चोकको नाम अहिले प्राकृतिक विपद्को उच्च जोखिममा रहेको जिल्लाको रूपमा स्थापित भइसकेको छ ।

सिन्धुपाल्चोकको भौगोलिक बनोट नै यसको प्रमुख चुनौती हो। जिल्लाको भूभाग उच्च हिमाली क्षेत्रदेखि मध्यपहाडी र नदी उपत्यकासम्म फैलिएको छ। अधिकांश स्थानमा भिरालो पहाड, कमजोर चट्टान, खुकुलो माटो तथा तीव्र ढलान रहेका कारण सामान्य वर्षाले पनि पहिरो जाने सम्भावना उच्च रहन्छ । यस जिल्लाको धेरै भूभाग भूगर्भीय दृष्टिले अस्थिर मानिन्छ। त्यसमा पनि वि.सं. २०७२ सालको विनाशकारी भूकम्पले यहाँका पहाड र जमिनको आन्तरिक संरचनामा गम्भीर क्षति पुर्‍यायो। भूकम्पपछि पहाडभित्र बनेका धाँजा, चिरा र कमजोर संरचनाले वर्षायाममा पानी सोस्दा माटोको पकड कमजोर हुने र ठूला पहिरो जाने अवस्था झन् बढेको छ। यही कारणले अन्य जिल्लामा सामान्य मानिने वर्षा पनि सिन्धुपाल्चोकका लागि ठूलो विपद्को कारण बन्ने गरेको छ ।

जिल्लामा बहने भोटेकोशी, सुनकोशी, इन्द्रावती, मेलम्ची तथा तिनका सहायक खोलाहरू वर्षायाममा अत्यन्त उग्र रूप लिन्छन् । माथिल्लो भेगमा पर्ने अत्यधिक वर्षा, हिमाली क्षेत्रमा हुने पहिरो तथा लेदो मिसिएर आउने बाढीले तल्लो तटीय क्षेत्रमा ठूलो क्षति पुर्‍याउने गरेको छ। पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका कारण छोटो समयमा अत्यधिक वर्षा हुने प्रवृत्ति बढ्दै गएको छ । यसले नदीहरूको बहाव आकस्मिक रूपमा बढाउने मात्र होइन, पहाडको सतहलाई कमजोर बनाई ठूला पहिरो निम्त्याउने गरेको छ । वैज्ञानिकहरूले यस्तो अवस्थालाई 'क्लाउडबर्स्ट' अर्थात् सीमित क्षेत्रमा एकैपटक अत्यधिक वर्षा हुने घटनासँग जोडेर हेर्ने गरेका छन् ।सिन्धुपाल्चोकले विगत केही दशकमा धेरै विनाशकारी विपद् भोगेको छ। ती घटनाहरूले जिल्लाको इतिहास मात्र होइन, हजारौं नागरिकको जीवन नै परिवर्तन गरिदिएका छन्। वि.सं. २०७१ साल साउन १७ गते जुरेमा गएको विशाल पहिरो नेपालकै सबैभन्दा दुःखद प्राकृतिक विपद्मध्ये एक मानिन्छ। उक्त पहिरोले एकैपटक सयभन्दा बढी मानिसको ज्यान लियो। पहिरोले सुनकोशी नदी थुनिएपछि ठूलो ताल बनेको थियो, जसले तल्लो तटीय क्षेत्रमा थप जोखिम सिर्जना गरेको थियो। त्यस घटनाले नेपाललाई पहिरोको पूर्वानुमान, जोखिम मूल्याङ्कन र तत्काल उद्धार व्यवस्थाको महत्वबारे गम्भीर पाठ सिकाएको थियो ।

२०७२ सालको भूकम्पपछि त सिन्धुपाल्चोकको भूगोल झन् अस्थिर बन्यो। भूकम्पपछि प्रत्येक वर्ष वर्षायाममा नयाँ-नयाँ पहिरो जाने क्रम सुरु भयो। बाह्रबिसे, लिदी, फुल्पिङकट्टी, नागपुजे, भोटेकोशी, हेलम्बु लगायतका क्षेत्रमा पटक-पटक बस्ती जोखिममा परे। वि.सं. २०७७ सालमा जुगल गाउँपालिकाको लिदीमा गएको भीषण पहिरोले ३९ जनाको ज्यान लियो। स्थानीयवासीले पहिलेदेखि नै बस्ती जोखिममा रहेको जानकारी गराउँदै सुरक्षित स्थानमा सार्न आग्रह गरेका थिए । तर समयमै प्रभावकारी निर्णय हुन नसक्दा ठूलो मानवीय क्षति व्यहोर्नुपर्‍यो । यस घटनाले जोखिम पहिचान मात्र पर्याप्त नहुने, त्यसअनुसार समयमै पुनर्वास गर्नुपर्ने आवश्यकता स्पष्ट गरिदियो ।

त्यसपछि २०७८ साल असारमा मेलम्ची र हेलम्बु क्षेत्रमा आएको विनाशकारी बाढी तथा लेदो प्रवाहले देशलाई नै स्तब्ध बनायो। माथिल्लो भेगबाट आएको लेदो, ढुंगा र बाढीले मेलम्ची बजार, पुल, सडक, होटल, व्यापारिक भवन, विद्यालय तथा बस्ती तहसनहस बनायो । बहुचर्चित मेलम्ची खानेपानी आयोजनामा समेत ठूलो क्षति पुग्यो। दर्जनौं मानिसको ज्यान गयो, धेरै अझै बेपत्ता भए र अर्बौं रुपैयाँ बराबरको भौतिक संरचना नष्ट भयो। यो घटना नेपालमा जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा उत्पन्न हुने नयाँ प्रकारका विपद्को स्पष्ट उदाहरणका रूपमा पनि अध्ययन गरिएको छ ।

सिन्धुपाल्चोकमा वर्षायाममा जोखिम बढ्नुका पछाडि प्राकृतिक कारण मात्र जिम्मेवार छैनन्। पछिल्ला वर्षहरूमा विकासका नाममा गरिएका अव्यवस्थित गतिविधिले पनि जोखिम बढाएको छ। गाउँ-गाउँमा सडक पुर्‍याउने अभियान सकारात्मक भए पनि धेरै स्थानमा वातावरणीय प्रभाव मूल्याङ्कन, इन्जिनियरिङ डिजाइन तथा उचित निकास व्यवस्थाविना जथाभावी डोजर प्रयोग गरियो। यसले पहाडको प्राकृतिक सन्तुलन बिगार्दै पहिरोको सम्भावना बढाएको छ । सडक विस्तार गर्दा काटिएका भित्ताहरू संरक्षण नगरिनु, पानी निकासको उचित व्यवस्था नहुनु र ढुंगा-माटो खुला छोडिनुले वर्षा लाग्नेबित्तिकै सडकमाथि र तलका बस्ती जोखिममा पर्ने गरेका छन् ।

त्यसैगरी नदीजन्य पदार्थको अनियन्त्रित उत्खननले पनि नदीको प्राकृतिक बहावमा असर पुर्‍याएको छ। बालुवा, गिटी र ढुंगा अत्यधिक निकाल्दा नदीको धार परिवर्तन हुने, किनार कमजोर बन्ने र कटान बढ्ने समस्या देखिएको छ । धेरै स्थानमा नदी किनारमै बस्ती विस्तार हुनु, खेतीयोग्य जमिन नदीसँगै जोडिनु तथा जोखिमयुक्त क्षेत्रमा संरचना निर्माण हुनु पनि क्षति बढ्नुका कारण हुन् ।

वर्षायामका कारण सिन्धुपाल्चोकमा पर्ने प्रभाव बहुआयामिक छन् । सबैभन्दा ठूलो क्षति मानवीय हुन्छ। हरेक वर्ष मानिसहरूले आफन्त गुमाउँछन्, घरबारविहीन बन्छन् र सुरक्षित आश्रय खोज्न बाध्य हुन्छन्। विद्यालयहरू बन्द हुन्छन्, स्वास्थ्य सेवा प्रभावित हुन्छ, बालबालिकाको पढाइ अवरुद्ध हुन्छ र दैनिक जनजीवन अस्तव्यस्त बन्छ। सडक अवरुद्ध हुँदा गाउँहरू दिनौँसम्म सम्पर्कविहीन हुन्छन्। अरनिको राजमार्ग तथा मध्यपहाडी लोकमार्गका विभिन्न खण्डमा पहिरो जाँदा तातोपानी नाकासम्मको यातायात प्रभावित हुन्छ। यसले नेपाल-चीन व्यापारमा समेत असर पुर्‍याउँछ।

कृषि क्षेत्रमा पनि ठूलो क्षति हुने गरेको छ। बाढीले खेत बगाउने, लेदो र बालुवाले उर्वर जमिन पुरिने, सिँचाइ संरचना भत्किने तथा पशुचौपाया बग्ने घटनाले किसानको वर्षौंको मेहनत एकैछिनमा समाप्त हुन्छ। पर्यटन, व्यापार र उद्योग पनि प्रभावित हुन्छन्। होटल, रिसोर्ट, बजार तथा साना व्यवसाय लामो समयसम्म सञ्चालन हुन नसक्दा स्थानीय अर्थतन्त्र कमजोर बन्छ । विपद्पछि पुनर्निर्माणका लागि ठूलो लगानी आवश्यक पर्ने हुँदा विकासका अन्य योजनाहरू समेत प्रभावित हुने गरेका छन् ।

यी सबै भौतिक क्षतिभन्दा पनि गम्भीर समस्या मानसिक असर हो । वर्षा सुरु हुनेबित्तिकै धेरै परिवार रातभर जाग्राम बस्न बाध्य हुन्छन्। पहिरो जाने डर, नदी बढ्ने चिन्ता र घर छोड्नुपर्ने सम्भावनाले बालबालिकादेखि वृद्धसम्म मानसिक तनावमा रहने गरेका छन्। प्राकृतिक विपद्को निरन्तर दोहोरिने अनुभवले धेरै मानिसमा असुरक्षाको भावना गहिरो बनाएको छ ।

यस्ता चुनौतीको दीर्घकालीन समाधानका लागि वैज्ञानिक, योजनाबद्ध र समुदायमुखी रणनीति आवश्यक छ। सबैभन्दा पहिले जिल्लाको विस्तृत भौगर्भिक अध्ययन गरी जोखिमयुक्त क्षेत्रको अद्यावधिक नक्सांकन गरिनुपर्छ । अत्यधिक जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा व्यवस्थित रूपमा पुनर्वास गर्ने नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ ।

केवल जोखिम घोषणा गरेर मात्र पर्याप्त हुँदैन; वैकल्पिक जग्गा, आवास, पूर्वाधार तथा रोजगारीको सुनिश्चिततासहित पुनर्वास गरिनुपर्छ।

दोस्रो, वातावरणमैत्री पूर्वाधार विकासलाई प्राथमिकता दिनुपर्छ। सडक निर्माण गर्दा इन्जिनियरिङ मापदण्ड पालना, ढल निकासको उचित व्यवस्था, जैविक इन्जिनियरिङ प्रविधिको प्रयोग तथा पहाडको संरक्षणलाई अनिवार्य बनाइनुपर्छ । विकास र वातावरणबीच सन्तुलन कायम नगरेसम्म विपद्को जोखिम घटाउन सकिँदैन ।

तेस्रो, आधुनिक पूर्वसूचना प्रणालीलाई

पेज नं ७ मा ..

# कृषि, पर्यटन, पूर्वाधार र जलाधारलाई प्राथमिकता दिँदै समृद्धिको यात्रामा मेलम्ची

जनतापत्र, मेलम्ची

"कृषि, पर्यटन, पूर्वाधार र जलाधार समृद्ध मेलम्चीको आधार" भन्ने दीर्घकालीन विकास नारालाई व्यवहारमा उतार्दै मेलम्ची नगरपालिका विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय गति लिइरहेको छ। नगर प्रमुख आइतमान तामाङको नेतृत्वमा नगरपालिकाले पूर्वाधार विस्तार, कृषि आधुनिकीकरण, पर्यटन प्रवर्द्धन, जलाधार संरक्षण तथा स्थानीय आर्थिक विकासलाई केन्द्रमा राखेर सञ्चालन गरेका कार्यक्रमले नगरको समग्र विकासमा सकारात्मक परिवर्तन ल्याउन थालेको छ ।

नगरपालिकाले विकासलाई सडक र भौतिक संरचनामा मात्र सीमित नराखी आर्थिक, सामाजिक तथा वातावरणीय पक्षलाई समान रूपमा प्राथमिकता दिएको जनाएको छ। पछिल्ला केही वर्षयता ग्रामीण बस्तीलाई बजारसँग जोड्ने सडक, पुल, खानेपानी, सिँचाइ, पर्यटन र रोजगारी सिर्जनासम्बन्धी योजनाहरूलाई तीव्रता दिइएको छ।

नगर प्रमुख आइतमान तामाङका अनुसार मेलम्ची नगरपालिकाको विकास रणनीति नागरिकको दैनिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने योजनामा केन्द्रित छ। उहाँले विकासको प्रतिफल नगरका सबै नागरिकसम्म समान रूपमा पुग्ने गरी योजना निर्माण र कार्यान्वयन भइरहेको बताउनुभयो।

पूर्वाधार विकासतर्फ मेलम्ची-ज्यामिरे-गुफाडाँडा सडक सुधारलाई प्राथमिकताका साथ अघि बढाइएको छ। उक्त सडकले विशेषगरी मेलम्ची नगरपालिका-९ अन्तर्गत पर्ने गुफा, मुलखर्क, ओखेनीलगायतका दुर्गम बस्तीलाई सहज यातायात पहुँच उपलब्ध गराएको छ। वर्षौंदेखि कठिन यात्रा गर्न बाध्य स्थानीय अहिले सडक सुधारसँगै सहज रूपमा आवतजावत गर्न सक्ने अवस्थामा पुगेका छन्।

त्यसैगरी फट्टे क्षेत्र र इन्द्रावती नदीमाथि निर्माण गरिएका पक्की पुलहरूले स्थानीय बासिन्दाको दैनिक जीवनलाई थप सहज बनाएको छ। वर्षायाममा नदी तर्नुपर्ने जोखिम हट्नुका साथै विद्यालय जाने विद्यार्थी, बिरामी, कृषक तथा सर्वसाधारणलाई सुरक्षित आवतजावतको सुविधा पुगेको छ। पुल निर्माणसँगै यातायात सेवा विस्तार हुँदा ग्रामीण बस्ती र बजारबीचको दूरी व्यवहारिक रूपमा घटेको स्थानीयहरू बताउँछन्।

सडक र पुलको पहुँच विस्तारले कृषकहरूलाई उत्पादन बजारसम्म पुऱ्याउन सहज भएको छ। पहिले ढुवानीको समस्या र यातायात अभावका कारण उचित मूल्य नपाउने किसानहरू अहिले तरकारी, फलफूल, दुग्धजन्य पदार्थ तथा अन्य कृषि उत्पादन सहज रूपमा बजारमा बिक्री गर्न सक्ने भएका छन्। यसले स्थानीय कृषकको आयआर्जनमा सकारात्मक प्रभाव परेको नगरपालिकाको दाबी छ।

नगरपालिकाले कृषिलाई स्थानीय अर्थतन्त्रको मुख्य आधारका रूपमा विकास गर्ने लक्ष्यसहित सिँचाइ विस्तार, कृषि पूर्वाधार निर्माण, आधुनिक खेती प्रविधिको प्रवर्द्धन तथा उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ।

कृषकलाई प्राविधिक सहयोग, तालिम तथा बजार व्यवस्थापनमा समेत नगरपालिकाले सहजीकरण गरिरहेको छ।

पर्यटन विकासलाई पनि नगरपालिकाले विशेष प्राथमिकतामा राखेको छ। प्राकृतिक सौन्दर्य, धार्मिक सम्पदा, ऐतिहासिक मार्ग तथा सांस्कृतिक सम्पदालाई संरक्षण र प्रवर्द्धन गर्दै मेलम्चीलाई आकर्षक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाइएको छ। नगरभित्र रहेका प्राकृतिक जलधार, पदमार्ग तथा सांस्कृतिक स्थलहरूको संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन भइरहेका छन्।

स्थानीय स्तरमा पर्यटनबाट रोजगारी सिर्जना गर्ने उद्देश्यले होमस्टे सञ्चालनलाई प्रोत्साहन, पर्यटक मार्गदर्शक (गाइड) तालिम, स्थानीय कला-संस्कृतिको संरक्षण तथा स्थानीय उत्पादनको प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिएको छ। यसै अभियानअन्तर्गत नगरपालिकाले स्थानीय कृषि तथा हस्तकलाजन्य उत्पादनको बजारीकरणका लागि कोशेली घर स्थापना गरेको छ। यसबाट स्थानीय उत्पादनले बजार पाउनुका साथै महिला तथा युवा उद्यमशीलतालाई समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

जलाधार संरक्षण र वातावरणीय व्यवस्थापनलाई पनि नगरपालिकाले दीर्घकालीन विकाससँग जोडेको छ। खानेपानीका मुहान संरक्षण, सिँचाइ सुविधा विस्तार, वन संरक्षण तथा जलस्रोत व्यवस्थापनका कार्यक्रममार्फत प्राकृतिक स्रोतको दिगो उपयोगमा जोड दिइएको छ। सुरक्षित खानेपानी र पर्याप्त सिँचाइ सुविधा विस्तारले किसानको उत्पादन वृद्धि हुनुका साथै स्थानीय बासिन्दाको दैनिक जीवनमा समेत सहजता आएको नगरपालिकाले जनाएको छ।

नगर उपप्रमुख उमा प्रधानका अनुसार विकास योजनाको प्रभावकारिता बढाउन स्थानीय समुदायको सहभागिता, पारदर्शिता र जवाफदेहितालाई विशेष प्राथमिकता दिइएको छ। योजना छनोटदेखि कार्यान्वयन र अनुगमनसम्म नागरिकको सहभागिता सुनिश्चित गरिएकाले विकास निर्माणका कामप्रति स्थानीयको अपनत्व बढेको उहाँको भनाइ छ।

नगर प्रमुख आइतमान तामाङले समृद्ध मेलम्ची निर्माणका लागि सबै क्षेत्रको सन्तुलित विकास आवश्यक रहेको बताउनुभयो। "हाम्रो लक्ष्य समृद्धि र दिगो विकास हो, जसको प्रत्यक्ष लाभ नगरका प्रत्येक नागरिकले अनुभूति गर्नुपर्छ," उहाँले भन्नुभयो। चार वर्षअघिसम्म आधारभूत सेवा र सडक पहुँचका लागि संघर्ष गर्नुपरेका धेरै बस्ती अहिले विकासको मूलधारसँग जोडिँदै आत्मनिर्भर बन्न थालेको उहाँको दाबी छ।

नगरपालिकाले आगामी दिनमा निजी क्षेत्र, सहकारी संस्था, विकास साझेदार तथा अन्य सरोकारवालासँग सहकार्यलाई थप विस्तार गर्ने नीति लिएको जनाएको छ। सीमित स्रोतसाधनका बाबजुद प्रभावकारी योजना, पारदर्शी कार्यशैली र सहकार्यको माध्यमबाट नगरको समग्र विकासलाई दिगो बनाउने लक्ष्य लिइएको छ।

प्रमुख प्रशासकीय अधिकृत निमेष मिश्रले स्थानीय सरकार, समुदाय र विकास साझेदारबीचको सहकार्य नै विकासको मुख्य आधार भएको बताउनुभयो। उहाँका अनुसार नागरिकको सक्रिय सहभागिता र स्थानीय नेतृत्वको प्रतिबद्धताले मेलम्ची नगरपालिकालाई दिगो विकासको मार्गमा अघि बढाउन महत्वपूर्ण भूमिका खेलेको छ।

स्थानीयवासीका अनुसार पछिल्ला वर्षहरूमा सडक, पुल, कृषि, पर्यटन, खानेपानी र सार्वजनिक सेवामा देखिएको सुधारले मेलम्ची नगरपालिकाप्रति नागरिकको विश्वास बढेको छ।


## जुगल गाँउपालिकाको अनुरोध

**समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै गाँउवासीहरूलाई हार्दिक अनुरोध गर्दछौँः**

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ/गराऔँ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर/वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।
- सरकारी तथा सार्वजनिक संरचनाको संरक्षण गरौँ र निर्माण मापदण्ड अपनाऔँ।

**जुगल गाँउपालिका**
**गाँउपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

## एकीकृत सेवाबाट
# नागरिकलाई सहजता

जनतापत्र, चौतारा

***नागरिकको अतिरिक्त खर्च घटाउने उद्देश्यले चौतारा साँगाचोकगढी नगरपालिकाको सहकार्यमा निःशुल्क सहजकर्ता सेवा सञ्चालन गरिएको छ।***

जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकले सेवा प्रवाहलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउन अपनाएको एकीकृत सेवा प्रणालीले सेवाग्राहीलाई उल्लेखनीय राहत दिएको छ। विगतमा एउटै कामका लागि विभिन्न शाखा र कोठामा धाउनुपर्ने बाध्यता रहे पनि अहिले अधिकांश प्रशासनिक सेवा एकै स्थानबाट व्यवस्थित रूपमा उपलब्ध हुन थालेका छन्।

प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेको नेतृत्वमा कार्यालयले सेवा प्रक्रियालाई सरल, छिटो र व्यवस्थित बनाउने उद्देश्यका साथ टोकन प्रणाली लागू गरेको छ। सेवाग्राहीले आवश्यक कागजात बुझाएपछि टोकन प्राप्त गर्ने र सोही क्रममा पालैपालो सेवा लिन सक्ने व्यवस्था गरिएको छ। यसले भीड व्यवस्थापनसँगै अनावश्यक झन्झट पनि घटाएको प्रशासनको भनाइ छ।

प्रजिअ घिमिरेका अनुसार नागरिकलाई फाइल बोकेर शाखा-शाखा धाउनुपर्ने अवस्था अन्त्य गरिएको छ। कर्मचारीहरूले नै आवश्यक प्रक्रिया अगाडि बढाउने भएकाले सेवा प्रवाह अझ प्रभावकारी बनेको छ। आवश्यक कागजात अपुग भएमा सुरुमै जानकारी गराइने भएकाले सेवाग्राहीको समय र खर्च दुवै बचत भइरहेको छ।

कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा प्रदान गरिएका सेवाको विवरण पनि सार्वजनिक गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले नयाँ नागरिकता, नागरिकताको प्रतिलिपि, राहदानी तथा राष्ट्रिय परिचयपत्रसँग सम्बन्धित सेवा प्रवाहको प्रगति विवरण सञ्चारकर्मीसमक्ष प्रस्तुत गरेका थिए।

नागरिकको अतिरिक्त खर्च घटाउने उद्देश्यले चौतारा साँगाचोकगढी नगरपालिकाको सहकार्यमा निःशुल्क सहजकर्ता सेवा सञ्चालन गरिएको छ। यसमार्फत राहदानी र राष्ट्रिय परिचयपत्रको अनलाइन आवेदन, कार्यालयसम्बन्धी निवेदन तयार गर्ने तथा आवश्यक कागजातको फोटोकपी सेवा निःशुल्क उपलब्ध गराइँदै आएको छ। प्रशासनका अनुसार हालसम्म ८ हजार ७ सय ७५ जना नागरिकले यस सेवाबाट प्रत्यक्ष लाभ लिइसकेका छन्।

यस पहलको नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोकका अध्यक्ष ध्रुव दंगालले स्वागत गरेका छन्। उनले कार्यालयको सेवा प्रवाहमा आएको सुधार सकारात्मक रहेको उल्लेख गर्दै नागरिकता प्रमाणपत्रको प्रिन्ट छिट्टै मेटिने र प्लास्टिकमा टाँसिने समस्या समाधान गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्ने सुझाव दिएका छन्।

## अरनिको राजमार्ग अवरुद्धबारे छलफल

जनतापत्र, चौतारा

सुनकोसी नदी किनारलाई थप आकर्षक, हराभरा र वातावरणमैत्री बनाउने उद्देश्यले बनेदेउ-बलेफी सडकखण्डमा वृहत् वृक्षारोपण अभियान सुरु गरिएको छ। डिभिजन वन कार्यालय सिन्धुपाल्चोक, होटल तथा रिसोर्ट व्यवसायी र सडक विभागको संयुक्त सहकार्यमा सञ्चालन गरिएको अभियानअन्तर्गत करिब पाँच सय फूल तथा सौन्दर्यमूलक बिरुवा रोपिएको छ।

पर्यटनको सम्भावना बोकेको सुनकोसी करिडोरलाई प्राकृतिक रूपमा अझ आकर्षक बनाउने उद्देश्यले सुरु गरिएको अभियानमा कल्की, टेकोमा, गोल्डमोहर, करविर, असारेलगायतका विभिन्न प्रजातिका बिरुवा रोपिएका छन्। यी बिरुवाले केही वर्षपछि सडक किनारलाई हरियाली र रंगीन फूलले सजाउने अपेक्षा गरिएको छ।

पछिल्ला वर्षहरूमा सुनकोसी क्षेत्र ऱ्याफ्टिङ, क्याम्पिङ, बञ्जी जम्प, नदी किनारको मनोरञ्जन तथा प्राकृतिक दृश्यावलोकनका लागि लोकप्रिय गन्तव्य बन्दै गएको छ। पर्यटकको आकर्षण बढेसँगै क्षेत्रको सौन्दर्य जोगाउन स्थानीय सरोकारवालाले वृक्षारोपण अभियानलाई प्राथमिकता दिएका हुन्।

कार्यक्रममा सहभागीहरूले पर्यटन विकास र वातावरण संरक्षण एकअर्काका पूरक विषय भएकाले हरियाली विस्तार आवश्यक रहेको बताए। सडक किनारमा बिरुवा रोपिँदा धुलो नियन्त्रण, तापक्रम सन्तुलन, जैविक विविधता संरक्षण र वातावरणीय सुधारमा समेत योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ।

सुकुटे क्षेत्रका पर्यटन व्यवसायीहरूले रोपिएका बिरुवाको संरक्षणलाई अभियानको सबैभन्दा महत्वपूर्ण पक्षका रूपमा लिएका छन्। बिरुवा रोपेर मात्रै नहुने भएकाले नियमित सिँचाइ, गोडमेल, तारबार तथा संरक्षणको जिम्मेवारी स्थानीय होटल तथा रिसोर्ट व्यवसायीहरूले लिने प्रतिबद्धता जनाएका छन्।

स्थानीयवासीले पनि अभियानप्रति सकारात्मक प्रतिक्रिया दिएका छन्। उनीहरूका अनुसार नदी किनार र सडक क्षेत्र हरियाली हुँदा स्थानीय वातावरण सुन्दर बन्नुका साथै पर्यटन व्यवसायमा समेत सकारात्मक प्रभाव पर्नेछ। भविष्यमा यसले स्थानीय युवाका लागि रोजगारीका अवसरसमेत सिर्जना गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

डिभिजन वन कार्यालयले वातावरण संरक्षणमा समुदायको सहभागिता आवश्यक रहेको उल्लेख गर्दै आगामी वर्षहरूमा पनि यस्ता अभियानलाई निरन्तरता दिने जनाएको छ। सडक किनार, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रलाई हरियाली बनाउने लक्ष्यका साथ थप बिरुवा रोप्ने योजना रहेको जानकारी दिइएको छ।

पर्यटन, वातावरण संरक्षण र स्थानीय समुदायबीचको सहकार्यबाट सुरु भएको यो अभियान सफल भए सुनकोसी करिडोर प्रदेशकै नमुना पर्यटकीय मार्गका रूपमा विकास हुन सक्ने विश्वास गरिएको छ।


## मेलम्ची नगरपालिकाका अनुरोध

**नगरको समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै नगर वासीहरूलाई हार्दिक अनुरोध गर्दछौँ:**

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ/गराऔँ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर/वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।
- सरकारी तथा सार्वजनिक संरचनाको संरक्षण गरौँ र निर्माण मापदण्ड अपनाऔँ।

**मेलम्ची नगरपालिका**
**नगरपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

# चौतारा साँगाचोकगढीको अनुगमन

जनतापत्र, चौतारा

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिकाको समग्र विकास, पूर्वाधार सुदृढीकरण तथा जनजीवन सुधारलाई केन्द्रमा राख्दै गरिएको उच्चस्तरीय अनुगमन तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा माननीय सांसद प्रमिला कुलुज तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रमुख सल्लाहकार राजा शाक्यको विशेष उपस्थिति रहेको थियो।

नगरपालिकाको वडा नं. ११ मा विशेष रूपमा सिँचाइ प्रणाली विस्तार, कृषि उत्पादन वृद्धि तथा पशुपालनमा प्रयोग हुने साइलेज (हरियो घाँस संरक्षण प्रविधि) को महत्वबारे विस्तृत छलफल गरिएको थियो। स्थानीय किसान, जनप्रतिनिधि तथा प्राविधिक टोलीको सहभागितामा भएको कार्यक्रममा दीर्घकालीन कृषि विकासका लागि सिँचाइ पूर्वाधारलाई मजबुत बनाउनु अपरिहार्य रहेको निष्कर्ष निकालिएको छ।

अनुगमन टोलीले वडा नं. ११ का विभिन्न स्थानमा पुगेर हाल सञ्चालनमा रहेका सिँचाइ योजनाहरूको अवस्था, पानीको स्रोत व्यवस्थापन तथा वितरण प्रणालीको स्थलगत अवलोकन गरेको थियो। स्थानीयवासीले वर्षायाममा पानीको उपलब्धता भए पनि सुख्खा मौसममा सिँचाइ अभावका कारण कृषि उत्पादनमा समस्या हुने गरेको गुनासो राखेका थिए।

माननीय प्रमिला कुलुजले स्थानीय समस्या समाधानका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय आवश्यक रहेको बताउँदै विकास



निर्माणलाई जनमुखी बनाउनुपर्नेमा जोड दिइन्। उनले भनिन्, "कृषि हाम्रो अर्थतन्त्रको मेरुदण्ड हो, त्यसैले सिँचाइ सुविधा विस्तार बिना समृद्धि सम्भव छैन। चौतारा साँगाचोकगढीको विकासमा हामी सबै प्रतिबद्ध छौँ।"

त्यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रमुख सल्लाहकार राजा शाक्यले सिँचाइ प्रणालीलाई आधुनिक प्रविधिसँग जोडेर दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता औँल्याए। उनले स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै साना तथा मझौला सिँचाइ योजनालाई प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक प्राविधिक तथा नीतिगत सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा विशेष रूपमा साइलेज प्रविधिको महत्वबारे पनि चर्चा गरिएको थियो। पशुपालनमा निर्भर किसानहरूका लागि हरियो घाँसलाई सुरक्षित रूपमा भण्डारण गरी वर्षभरि प्रयोग गर्न सकिने साइलेज प्रविधिले दुध उत्पादन र पशु स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने बताइएको छ। स्थानीय कृषकहरूले यस प्रविधिबारे तालिम र प्राविधिक सहयोगको माग गरेका थिए।

वडा नं. ११ का जनप्रतिनिधिहरूले सिँचाइ अभावका कारण धान, मकै तथा तरकारी उत्पादनमा चुनौती देखिएको जानकारी गराउँदै दीर्घकालीन योजना आवश्यक रहेको बताए। उनीहरूले साना खोल्सा तथा मुहानहरूको संरक्षण गरी सिँचाइ विस्तार गर्न सके उत्पादन वृद्धि हुने विश्वास व्यक्त गरे।

अनुगमनका क्रममा टोलीले सडक, खानेपानी, कृषि तथा ऊर्जा सम्बन्धी विभिन्न विकास योजनाहरूको प्रगति अवस्थाबारे पनि जानकारी लिएको थियो। स्थानीय तहले सञ्चालन गरिरहेका योजनाहरूलाई समयमै सम्पन्न गर्न प्राविधिक सहयोग र बजेट व्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव दिइएको थियो।

स्थानीय किसानहरूले सरकारका प्रतिनिधिहरूको उपस्थितिले आफूहरूमा आशा र उत्साह बढेको बताएका छन्। उनीहरूले सिँचाइ सुविधा विस्तार भएमा उत्पादन वृद्धि भई आर्थिक अवस्था सुधार हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा सहभागीहरूले विकास केवल भौतिक संरचना निर्माणमा मात्र सीमित नभई जनताको जीवनस्तर सुधारसँग प्रत्यक्ष जोडिनुपर्नेमा जोड दिएका थिए। शिक्षा, स्वास्थ्य, कृषि, ऊर्जा र पूर्वाधारलाई समन्वयात्मक रूपमा अघि बढाउन सके मात्र दिगो विकास सम्भव हुने धारणा राखिएको थियो।

अन्त्यमा, चौतारा साँगाचोकगढी नगरपालिकाको समग्र विकासका लागि सबै सरोकारवाला निकायबीच सहकार्य, पारदर्शिता र निरन्तर अनुगमन आवश्यक रहेको निष्कर्ष निकालिएको छ। वडा नं. ११ मा गरिएको यो अनुगमनले सिँचाइ र साइलेज प्रविधिको महत्व उजागर गर्दै आगामी दिनमा कृषि क्षेत्रलाई आधुनिक र आत्मनिर्भर बनाउने दिशामा महत्वपूर्ण आधार तयार गरेको सहभागीहरूको भनाइ छ।

## बलेफी-३ मा सामुदायिक स्वास्थ्य इकाई भवन

जनतापत्र, चौतारा

बलेफी गाउँपालिकाको विकट मानिने वडा नं. ३ अन्तर्गत सिमासिं, ओख्रेनी, त्याङथली लगायतका बस्तीका नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गरिने भएको छ।

गाउँपालिका र महिला आत्मनिर्भरता केन्द्र (माकं)/फेयर मेड अन्तर्गत सञ्चालित सिन्धु स्वास्थ्य परियोजनाको साझेदारीमा उक्त भवन निर्माण हुन लागेको हो। स्वास्थ्य सेवा पहुँचभन्दा टाढा रहेका स्थानीय बासिन्दाले अब आफ्नै क्षेत्रबाट आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ।

भवन निर्माणको तयारीस्वरूप मंगलबार निर्माणस्थलको छनोट गरिएको छ। यस क्रममा गाउँपालिकाका प्रतिनिधि, परियोजनाका पदाधिकारी तथा स्थानीय बासिन्दाबीच छलफल गरी उपयुक्त स्थानको पहिचान गरिएको थियो। छलफलमा स्थानीयको आवश्यकता, पहुँच, सेवा प्रवाहको प्रभावकारिता तथा भवन निर्माणका प्राविधिक पक्षबारे समेत विचार-विमर्श गरिएको जनाइएको छ।

गाउँपालिकाले विकट क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने लक्ष्यअनुसार यो पहल अघि बढाइएको जनाएको छ। परियोजना साझेदार संस्थाले पनि भवन निर्माण सम्पन्न भएपछि आवश्यक सेवा सञ्चालनमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

स्थानीयवासीले स्वास्थ्य संस्था टाढा भएकाले सामान्य उपचारका लागि पनि लामो दूरी तय गर्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै सामुदायिक स्वास्थ्य इकाई स्थापना हुने निर्णयप्रति खुसी व्यक्त गरेका छन्। उनीहरूका अनुसार भवन निर्माणसँगै नियमित स्वास्थ्य सेवा गाउँमै उपलब्ध हुने विश्वास लिइएको छ।

यस पहलले बलेफी गाउँपालिका-३ का दुर्गम बस्तीमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै स्थानीय नागरिकको जीवनस्तर सुधार गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## तीन वर्ष बित्दा पनि चौतारा-झ्याडि सडक अलपत्र, स्थानीय आक्रोशित

जनतापत्र, चौतारा

चौतारादेखि झ्याडिसम्मको मोटरबाटो निर्माण कार्य समयमै सम्पन्न हुन नसक्दा स्थानीयवासीले तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। तीन वर्षअघि नै निर्माण सम्पन्न हुने भनिएको सडक हालसम्म करिब २५ प्रतिशत मात्रै सम्पन्न भएको भन्दै स्थानीयले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

स्थानीयका अनुसार सडक निर्माणमा भएको ढिलाइका कारण दैनिक आवतजावत, बिरामीको उपचारका लागि अस्पताल लैजान तथा अत्यावश्यक सेवा प्राप्त गर्न समेत कठिनाइ भइरहेको छ। वर्षायाममा सडक हिलाम्मे र जोखिमपूर्ण बनेपछि सर्वसाधारण थप समस्यामा परेका छन्।

स्थानीयले निर्वाचनका बेला तत्कालीन भौतिक तथा सामाजिक विकास मन्त्री तथा हाल प्रतिनिधिसभा क्षेत्र नं. २ का सांसद युवराज दुलालले सडक निर्माण छिट्टै सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरेको स्मरण गराउँदै उक्त प्रतिबद्धता अझै पूरा हुन नसकेको बताएका छन्।

उनीहरूले विकास निर्माणका काममा भइरहेको ढिलाइप्रति स्थानीय तहका जनप्रतिनिधि र सम्बन्धित निकायको भूमिका कमजोर रहेको आरोप लगाएका छन्। पूर्वाधार विकास कार्यालय नजिकैको सडक नै यस्तो अवस्थामा रहेकाले अन्य ग्रामीण सडकको अवस्था झन् दयनीय हुन सक्ने स्थानीयको भनाइ छ।

स्थानीयले सडक निर्माण कार्यलाई तीव्रता दिन, गुणस्तरीय रूपमा सम्पन्न गर्न तथा नागरिकको सहज आवतजावत सुनिश्चित गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# खिर खाने दिनको अवसरमा वृक्षारोपण, ‘एक व्यक्ति, एक बिरुवा’ अभियानलाई निरन्तरता

जनतापत्र, चौतारा

वातावरण संरक्षण, भूक्षय नियन्त्रण तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित सञ्चालन गरिएको ‘सगरमाथा वृक्षारोपण महाअभियान-२०८३’ अन्तर्गत साउन १५ अर्थात् खिर खाने दिनको अवसरमा सडक किनारमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ। असार १५ देखि साउन १५ सम्म सञ्चालन गरिएको विशेष अभियानको समापन अवसरमा आयोजित कार्यक्रममा विभिन्न सरकारी निकाय, जनप्रतिनिधि, सुरक्षा निकाय, सामाजिक संघसंस्था तथा स्थानीय समुदायको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा सडक किनार र सार्वजनिक क्षेत्रलाई हराभरा बनाउने, वातावरणीय सन्तुलन कायम गर्ने, भूक्षय तथा पहिरोको जोखिम न्यूनीकरण गर्ने र पर्यटकीय मार्गको सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न प्रजातिका बिरुवा रोपिएको आयोजकले जनाएको छ। वृक्षारोपणले जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न, हरियाली विस्तार गर्न तथा भावी पुस्ताका लागि स्वच्छ वातावरण निर्माण गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ।

कार्यक्रमका लागि आवश्यक बिरुवा डिभिजन वन कार्यालय सिन्धुपाल्चोक ले उपलब्ध गराएको थियो। वन कार्यालयको सहयोगले अभियानलाई थप प्रभावकारी बनाउन मद्दत पुगेको भन्दै आयोजकले कार्यालयप्रति आभार व्यक्त गरेको छ।

कार्यक्रममा चौतारा साँगाचोकगढी नगरपालिकाकी उपप्रमुख सीता थापा प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो। उहाँले वातावरण संरक्षण कुनै एक संस्था वा व्यक्तिको मात्रै जिम्मेवारी नभई सबै नागरिकको साझा दायित्व भएको बताउँदै वृक्षारोपण अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो। रोपिएका बिरुवाको संरक्षण र नियमित हेरचाह गर्न सके मात्र अभियानको वास्तविक उद्देश्य पूरा हुने उहाँको भनाइ थियो।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका वरिष्ठ प्रहरी नायबको नेतृत्वमा प्रहरी टोलीको पनि सक्रिय सहभागिता रहेको थियो। प्रहरी टोलीले वृक्षारोपणमा सहभागी हुँदै वातावरण संरक्षणजस्ता सामाजिक अभियानमा सुरक्षा निकायको पनि महत्वपूर्ण भूमिका रहने सन्देश दिएको थियो।

कार्यक्रममा जिल्ला सरकारी वकिल कार्यालयकी भगवती गौतम, पूर्व जनप्रतिनिधि, विभिन्न सामाजिक तथा सामुदायिक संघसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, पत्रकार तथा स्थानीयवासीको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले सामूहिक रूपमा बिरुवा रोप्दै हरित वातावरण निर्माणमा सबैको सहभागिता आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

आयोजकका अनुसार पछिल्ला वर्षहरूमा जलवायु परिवर्तन, वन विनाश, बाढी-पहिरो तथा भूक्षयका समस्या बढ्दै गएकाले वृक्षारोपण अभियानलाई जनआन्दोलनका रूपमा अघि बढाउन आवश्यक छ। विशेषगरी राजमार्ग र ग्रामीण सडक किनारमा हरियाली विस्तार गर्न सके वातावरणीय सन्तुलन कायम हुनुका साथै सडकको सौन्दर्य बढ्ने, धुलो नियन्त्रण हुने र पर्यटकलाई आकर्षित गर्न समेत सहयोग पुग्ने विश्वास गरिएको छ।

कार्यक्रममा वक्ताहरूले रोपिएका बिरुवाको संरक्षण नै सबैभन्दा ठूलो चुनौती भएको उल्लेख गर्दै केवल बिरुवा रोपेर मात्र दायित्व पूरा नहुने, त्यसलाई हुर्काउने र संरक्षण गर्ने संस्कार विकास गर्नुपर्नेमा जोड दिएका थिए। स्थानीय समुदाय, विद्यालय, युवा क्लब तथा सामाजिक संस्थाहरूले बिरुवाको नियमित हेरचाहमा सक्रिय भूमिका खेल्नुपर्ने सुझाव पनि दिइएको थियो।

अभियानका क्रममा सहभागीहरूले “हामी सबैले एक व्यक्ति, एक बिरुवा रोपौँ र हुर्काऔँ, भविष्यले सम्मान गर्नेछ” भन्ने सन्देशलाई आत्मसात गर्दै वातावरण संरक्षणका लागि व्यक्तिगत र सामूहिक जिम्मेवारी निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

आयोजकले कार्यक्रम सफल बनाउन सहयोग पुऱ्याउने डिभिजन वन कार्यालय सिन्धुपाल्चोक, प्रमुख अतिथि, सुरक्षा निकाय, सरकारी कार्यालय, पूर्व जनप्रतिनिधि, विभिन्न संघसंस्था, पत्रकार तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गरेको छ।

सगरमाथा वृक्षारोपण महाअभियानले हरियाली विस्तार, प्राकृतिक स्रोत संरक्षण, पर्यटन प्रवर्द्धन र जलवायु परिवर्तनका असर न्यूनीकरणमा सकारात्मक सन्देश दिएको सहभागीहरूको विश्वास छ। यस्ता अभियानलाई निरन्तरता दिँदै प्रत्येक नागरिकलाई वातावरण संरक्षणसँग जोड्न सके भविष्यमा स्वच्छ, हराभरा र दिगो वातावरण निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।




## इन्द्रावति गाँउपालिकाका अनुरोध

गाँउको समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै गाँउवासीहरूलाई हार्दिक अनुरोध गर्दछौँः

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ/गराऔँ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर/वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।

**इन्द्रावति गाँउपालिका**
**गाँउपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**


## बलेफी..

तयार गरी सम्बन्धित निकायमा सिफारिस गर्ने जनाएको छ।

समितिका संयोजक बालकृष्ण श्रेष्ठले स्थानीय तहको वडा पुनर्संरचना गर्दा कानुनी मापदण्ड, स्थानीय आवश्यकता र नागरिकको सुविधालाई केन्द्रमा राखेर निष्पक्ष रूपमा अध्ययन भइरहेको बताउनुभयो।

बलेफी गाउँपालिकाका अध्यक्ष गंगा बहादुर तामाङले स्थानीय सरकार नागरिकलाई सहज सेवा प्रदान गर्ने उद्देश्यले आवश्यक तथ्य र आधारसहित नयाँ वडा थप गर्ने प्रक्रियामा सहकार्य गरिरहेको बताउनुभयो। उहाँले स्थानीयको सहभागिता र सुझावका आधारमा अघि बढाइने निर्णय दीर्घकालीन रूपमा प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा उपस्थित अधिकांश सरोकारवालाले वडा पुनरावलोकन प्रक्रिया पारदर्शी, तथ्यमा आधारित र स्थानीय आवश्यकताअनुकूल हुनुपर्नेमा जोड दिएका थिए।

स्थलगत अध्ययन तथा अन्तरक्रिया कार्यक्रम सकारात्मक, रचनात्मक र उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको अध्ययन समितिले जनाएको छ।

# ईन्द्रावती-चौतारा सडकको दयनीय अवस्था, हिलो र खाल्डाखुल्डीले यात्रु सास्तीमा

जनतापत्र, चौतारा

सिन्धुपाल्चोकको ईन्द्रावती गाउँपालिकाको नवलपुरदेखि जिल्ला सदरमुकाम चौतारासम्म जोड्ने सडक वर्षायामसँगै अत्यन्तै जीर्ण र जोखिमपूर्ण बनेको छ । लगातारको वर्षापछि सडक हिलाम्मे हुनुका साथै ठाउँ-ठाउँमा गहिरा खाल्डाखुल्डी परेकाले दैनिक आवतजावत गर्ने यात्रु तथा सवारी चालकहरू निकै सास्ती खेप्न बाध्य भएका छन् ।

जिल्ला सदरमुकाम चौतारासँग ईन्द्रावती गाउँपालिकालाई जोड्ने यो सडक स्थानीयका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ । यही सडकमार्फत स्थानीयवासी प्रशासनिक सेवा, स्वास्थ्य उपचार, शिक्षा, व्यापार तथा अन्य अत्यावश्यक कामका लागि चौतारा आउने-जाने गर्छन् । तर सडकको दयनीय अवस्थाले अहिले यात्रा निकै कष्टकर बनेको स्थानीयहरूको गुनासो छ ।

वर्षायाम सुरु भएसँगै सडकको अधिकांश भाग हिलोले ढाकिएको छ भने धेरै स्थानमा गहिरा खाल्डाखुल्डी बनेका छन् । सडकमा पानी जम्दा हिलोले सवारी साधन चिप्लिने र बीच बाटोमै फस्ने समस्या बढेको छ । विशेषगरी मोटरसाइकल, जिप र एम्बुलेन्स सञ्चालन गर्न कठिन भइरहेको चालकहरू बताउँछन् ।

कतिपय स्थानमा साना सवारी साधन हिलोमा फसेपछि यात्रुहरू आफैं ओर्लिएर धकेल्दै सवारीलाई अगाडि बढाउनुपर्ने अवस्था रहेको छ । यात्रुहरूले सामान्य दूरी पार गर्नसमेत घण्टौं समय लाग्ने गरेको बताएका छन् । वर्षा भइरहेका बेला सडक थप जोखिमपूर्ण हुने भएकाले दुर्घटनाको त्राससमेत बढेको छ ।

स्थानीयवासीका अनुसार सडकको नियमित मर्मतसम्भार हुन नसक्दा वर्षेनी यही समस्या दोहोरिने गरेको छ । वर्षा सुरु भएपछि केही ठाउँमा सामान्य मर्मत गरिए पनि दिगो समाधान नहुँदा केही दिनमै सडक पुनः बिग्रिने गरेको उनीहरूको भनाइ छ । सडकको उचित स्तरोन्नति र प्रभावकारी नाली व्यवस्थापन नहुँदा वर्षाको पानी सीधै सडकमा बग्ने र सडक थप क्षतिग्रस्त हुने गरेको स्थानीयको आरोप छ ।

सडकको खराब अवस्थाले यात्रु मात्र होइन, स्थानीय किसान पनि प्रभावित भएका छन् । कृषि उपज बजारसम्म पुर्‍याउन कठिनाइ हुँदा ढुवानी खर्च बढेको छ भने केही किसानले समयमै उत्पादन बजार पुर्‍याउन नसक्दा आर्थिक नोक्सानीसमेत बेहोर्नुपरेको बताएका छन् । विद्यालय जाने विद्यार्थी, बिरामी बोकेका एम्बुलेन्स तथा दैनिक उपभोग्य सामग्री ढुवानी गर्ने सवारी साधनलाई समेत समस्या भइरहेको छ ।

सार्वजनिक यातायात व्यवसायीहरूले सडकको अवस्थाका कारण सवारी साधनमा बारम्बार प्राविधिक समस्या आउने, मर्मत खर्च बढ्ने तथा यात्रु सेवा सञ्चालन गर्न कठिन भएको बताएका छन् । कतिपय चालकले जोखिमका कारण रातिको समयमा यात्रा गर्नसमेत हिच्किचाउने गरेका छन् ।

स्थानीयवासीले सम्बन्धित निकायसँग सडकको तत्काल मर्मत तथा दीर्घकालीन स्तरोन्नतिको माग गरेका छन् । विशेषगरी वर्षायाममा सहज आवागमन सुनिश्चित गर्न हिलो हटाउने, खाल्डाखुल्डी पुर्ने, पानी निकासको उचित व्यवस्था गर्ने तथा आवश्यक स्थानमा ग्राभेल र कालोपत्रेको काम अघि बढाउनुपर्ने उनीहरूको भनाइ छ ।

सडकको अवस्था सुधार नहुँदा ईन्द्रावती गाउँपालिकाका बासिन्दाले वर्षेनी सास्ती खेप्नुपरेको भन्दै स्थानीयले सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । उनीहरूका अनुसार सडक केवल यातायातको माध्यम मात्र नभई शिक्षा, स्वास्थ्य, कृषि, व्यापार र समग्र स्थानीय विकाससँग प्रत्यक्ष जोडिएको पूर्वाधार भएकाले यसको समयमै मर्मत र स्तरोन्नति अपरिहार्य छ ।

स्थानीयवासीले वर्षायाममा थप क्षति हुनुअघि नै सम्बन्धित निकायले प्रभावकारी पहल गरी सडकलाई सुरक्षित र सहज बनाउन माग गरेका छन् । सडकको अवस्था सुधार गर्न ढिलाइ भए यात्रुको सास्ती अझ बढ्नुका साथै दुर्घटनाको जोखिम पनि थप बढ्ने स्थानीयहरूको चिन्ता छ ।

# इन्द्रावती नदीमा अवैध बालुवा उत्खनन ८० हजार रुपैयाँ जरिवाना

जनतापत्र, चौतारा

सिन्धुपाल्चोक प्रहरीले अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारमा संलग्न दुई वटा टिपरलाई नियन्त्रणमा लिई कारबाही गरेको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार चौतारा साँगाचोकगढी नगरपालिका-११ स्थित इन्द्रावती नदीबाट अवैध रूपमा बालुवा उत्खनन तथा ढुवानी गरिरहेको अवस्थामा ती सवारी साधनलाई नियन्त्रणमा लिइएको हो ।

प्रहरीका अनुसार मिति २०८३ साउन १३ गते जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक तथा प्रहरी चौकी बन्देउबाट खटिएको संयुक्त प्रहरी टोलीले नियमित गस्ती तथा अनुगमनका क्रममा इन्द्रावती नदी क्षेत्रमा अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन र ओसारपसार भइरहेको फेला पारेको थियो । त्यसपछि प्रहरीले तत्काल दुई वटा टिपर नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित स्थानीय तहमा पठाएको जनाएको छ ।

कारबाहीमा परेका सवारी साधनमध्ये बा.५ ख २६१७ नम्बरको टिपरलाई ५० हजार रुपैयाँ र बा.प्र.०१-००६ ख २२२४ नम्बरको टिपरलाई ३० हजार रुपैयाँ जरिवाना गरिएको छ । दुवै सवारी साधनबाट कुल ८० हजार रुपैयाँ जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले जनाएको छ ।

प्रहरीका अनुसार नदीजन्य पदार्थको अवैध उत्खननले नदीको प्राकृतिक बहावमा असर पार्नुका साथै वातावरणीय सन्तुलन बिगार्ने, बाढी तथा कटानको जोखिम बढाउने र सार्वजनिक सम्पत्तिमा दीर्घकालीन क्षति पुर्‍याउने भएकाले यस्ता गतिविधिमाथि कडाइका साथ निगरानी गरिएको छ

सिन्धुपाल्चोकका विभिन्न नदी तथा खोलाबाट अवैध रूपमा बालुवा, गिट्टी र ढुंगा उत्खनन तथा ढुवानी हुने गुनासो बेला-बेलामा आउने गरेको छ । यस्ता गतिविधि नियन्त्रण गर्न प्रहरी, स्थानीय तह तथा सम्बन्धित निकायले संयुक्त रूपमा अनुगमनलाई तीव्र बनाएका छन् ।

जिल्ला प्रहरी कार्यालयले कानुनविपरीत नदीजन्य पदार्थ उत्खनन, संकलन वा ओसारपसार गर्ने जो-कोहीमाथि कानुनबमोजिम कारबाही गरिने स्पष्ट गरेको छ । प्रहरीले प्राकृतिक स्रोतको संरक्षणमा सबै पक्षको जिम्मेवारी रहेको उल्लेख गर्दै यस्ता गैरकानुनी गतिविधिको जानकारी भएमा नजिकको प्रहरी कार्यालयमा सूचना दिन सर्वसाधारणसँग आग्रह गरेको छ ।

प्रहरीले आगामी दिनमा पनि जिल्लाका विभिन्न नदी तथा खोलामा नियमित गस्ती, निगरानी र अनुगमनलाई थप प्रभावकारी बनाउने जनाएको छ । अवैध उत्खनन नियन्त्रणका लागि स्थानीय तह, सम्बन्धित सरकारी निकाय तथा समुदायसँग समन्वय गरी अभियानलाई निरन्तरता दिइने प्रहरीले जनाएको छ ।

प्राकृतिक स्रोत तथा वातावरण संरक्षणका लागि कानुनी व्यवस्था कडाइका साथ कार्यान्वयन गरिने भन्दै जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले अवैध नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारमा संलग्न नहुन सबैलाई अनुरोध गरेको छ । साथै, यस्ता गतिविधिविरुद्ध प्राप्त हुने सूचनाका आधारमा आवश्यक अनुसन्धान तथा कारबाहीलाई अझ प्रभावकारी बनाइने प्रहरीको भनाइ छ ।

## घर पूर्ण ..

लत्ताकपडा, फर्निचर तथा दैनिक उपभोगका सामग्रीमा क्षति पुगेको अनुमान गरिएको छ ।

स्थानीयवासीका अनुसार पछिल्ला केही दिनदेखि निरन्तर परेको वर्षाका कारण उक्त क्षेत्रमा पहिरोको जोखिम बढ्दै गएको छ । जमिन कमजोर बन्दै जाँदा बस्ती आसपासका अन्य घरहरू पनि जोखिममा पर्न सक्ने भएकाले सम्बन्धित निकायले तत्काल स्थलगत निरीक्षण गरी आवश्यक सुरक्षा उपाय अपनाउनुपर्ने माग गरिएको छ ।

घटनापछि स्थानीय जनप्रतिनिधि तथा सरोकारवाला निकायलाई जानकारी गराइएको छ । क्षतिको यथार्थ विवरण संकलन तथा प्रभावित परिवारलाई आवश्यक राहत र सहयोग उपलब्ध गराउने तयारी भइरहेको बताइएको छ ।

वर्षायामसँगै सिन्धुपाल्चोकका विभिन्न स्थानमा पहिरो तथा लेदो पस्ने घटना बढिरहेका छन् ।

स्थानीय प्रशासनले पहिरोको उच्च जोखिम रहेका क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सतर्क रहन, निरन्तर वर्षा भइरहेका बेला अनावश्यक आवतजावत नगर्न तथा जोखिम देखिएमा सुरक्षित स्थानमा सर्न आग्रह गरेको छ ।

प्रभावित परिवारले तत्काल राहत, अस्थायी बसोबासको व्यवस्था तथा घर पुनर्निर्माणका लागि सम्बन्धित निकायसँग आवश्यक सहयोगको अपेक्षा गरेका छन् ।

## सिन्धुपाल्चोक : वर्षायाममा सधैं जोखिममा...

गाउँ-गाउँसम्म विस्तार गर्नुपर्छ । नदीको जलस्तर, वर्षा मापन तथा सम्भावित बाढी-पहिरोको सूचना मोबाइल सन्देश, साइरन, एफएम रेडियो तथा स्थानीय सूचना सञ्जालमार्फत समयमै समुदायसम्म पुर्‍याउन सकियो भने धेरै मानवीय क्षति रोक्न सकिन्छ। सूचना प्रणालीसँगै नियमित विपद् अभ्यास, उद्धार तालिम तथा स्थानीय स्वयंसेवक परिचालन पनि उत्तिकै आवश्यक छ ।चौथो, नदी नियन्त्रण, तटबन्ध, चेकड्याम, ग्याबियन पर्खाल, पहिरो रोकथाम तथा वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ। वन विनाश नियन्त्रण, पानीको प्राकृतिक बहाव संरक्षण तथा पहाडमा हरियाली बढाउने कार्यले दीर्घकालीन रूपमा जोखिम न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ ।

पाँचौं, स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, विज्ञ संस्था तथा समुदायबीच समन्वय सुदृढ हुनुपर्छ। विपद् व्यवस्थापन केवल सरकारी निकायको जिम्मेवारी मात्र होइन। स्थानीय नागरिक, सामुदायिक वन, युवा क्लब, महिला समूह, विद्यालय तथा सञ्चारमाध्यमको सक्रिय सहभागिताले मात्र विपद् प्रतिरोधी समाज निर्माण सम्भव हुन्छ। विपद् आउनुअघि तयारी गर्ने संस्कार विकास गर्नु नै सबैभन्दा प्रभावकारी उपाय हो ।

जलवायु परिवर्तन, कमजोर भूगर्भीय अवस्था र अव्यवस्थित विकासले वर्षायामलाई यहाँका नागरिकका लागि भय र पीडाको मौसम बनाइदिएको छ। विगतका जुरे, लिदी, मेलम्ची तथा अन्य विपद्ले हामीलाई बारम्बार एउटै सन्देश दिएका छन्–प्रकृतिको चेतावनीलाई बेवास्ता गरेर दिगो विकास सम्भव हुँदैन ।

अब राहत र उद्धारमा मात्र केन्द्रित हुने होइन, जोखिम न्यूनीकरणलाई विकास योजनाको केन्द्रमा राख्नुपर्ने समय आएको छ। वैज्ञानिक योजना, वातावरणमैत्री पूर्वाधार, सुरक्षित पुनर्वास, प्रभावकारी पूर्वसूचना प्रणाली र समुदायको सक्रिय सहभागितामार्फत मात्र सिन्धुपाल्चोकलाई विपद् प्रतिरोधी जिल्ला बनाउन सकिन्छ।

# सीमा सर्वेक्षणले देखायो जनचेतना र व्यवहारबीच अझै अन्तर

जनतापत्र चौतारा ।

*विश्व मानव बेचबिखन विरुद्धको दिवसको अवसरमा माइती नेपालले मानव बेचबिखन नियन्त्रणमा सरकार, सुरक्षा निकाय, स्थानीय तह, सञ्चारमाध्यम, शैक्षिक संस्था, नागरिक समाज, निजी क्षेत्र तथा समुदायबीच अझ प्रभावकारी सहकार्य आवश्यक रहेको जनाएको छ ।*

विश्व मानव बेचबिखन विरुद्धको दिवस २०२६ को अवसरमा माइती नेपालले सार्वजनिक गरेको नमुना सर्वेक्षणले नेपालमा मानव बेचबिखनसम्बन्धी जनचेतनामा उल्लेखनीय वृद्धि भए पनि सुरक्षित निर्णय, वैदेशिक रोजगारीसम्बन्धी सावधानी तथा सहायता सेवामा पहुँच अझै पर्याप्त हुन नसकेको देखाएको छ । माइती नेपालले नेपालका विभिन्न प्रमुख सीमा नाकामा यात्रा गरिरहेका नागरिकमाझ गरिएको सर्वेक्षणका आधारमा सार्वजनिक गरेको प्रतिवेदनले मानव बेचबिखन रोकथामका लागि अझ प्रभावकारी जनचेतना, परामर्श सेवा तथा सरकारी निकायबीचको समन्वय आवश्यक रहेको औँल्याएको हो ।

माइती नेपालले जुलाई १५ देखि २५ सम्म सञ्चालन गरेको उक्त नमुना सर्वेक्षणमा ४७१ जना यात्रुको सहभागिता रहेको थियो । सहभागीमध्ये सबैभन्दा बढी १८ देखि २४ वर्ष उमेर समूहका ५१.३ प्रतिशत रहेका छन् । यस्तै २०.४ प्रतिशत १८ वर्षमुनिका, ३४.५ प्रतिशत २५ देखि ४० वर्ष उमेर समूहका र ७ प्रतिशत ४० वर्षभन्दा माथिका सहभागी थिए । अधिकांश उत्तरदाता रोजगारी, पारिवारिक भेटघाट, शिक्षा तथा पर्यटनका उद्देश्यले यात्रा गरिरहेका थिए ।

सर्वेक्षणअनुसार मानव बेचबिखनबारे आधारभूत जानकारी राख्ने व्यक्तिको सङ्ख्या उत्साहजनक रूपमा बढेको देखिएको छ । ७१.५ प्रतिशत उत्तरदाताले आफूलाई मानव बेचबिखनबारे जानकारी रहेको बताएका छन् भने थप १६.७ प्रतिशतले केही जानकारी भएको बताएका छन् । यसले पछिल्ला वर्षहरूमा सञ्चालित जनचेतनामूलक अभियानले सकारात्मक प्रभाव पारेको संकेत गरे पनि विषयको गहिरो बुझाइ विस्तार गर्न अझै आवश्यक रहेको माइती नेपालको निष्कर्ष छ ।

मानव बेचबिखनका स्वरूपबारे गरिएको प्रश्नमा ७२.४ प्रतिशत उत्तरदाताले जबर्जस्ती श्रमलाई मानव बेचबिखनको प्रमुख रूपका रूपमा पहिचान गरेका छन् । त्यसपछि ७१.७ प्रतिशतले यौन शोषण, ५६.१ प्रतिशतले अंग व्यापार, ५३.१ प्रतिशतले जबर्जस्ती विवाह तथा ५२.७ प्रतिशतले झुटा वैदेशिक रोजगारीका प्रलोभनलाई मानव बेचबिखनको रूपका रूपमा उल्लेख गरेका छन् । यसले मानव बेचबिखनलाई केवल यौन शोषणसँग मात्र जोडेर हेर्ने धारणा क्रमशः परिवर्तन हुँदै गएको संकेत गरेको माइती नेपालले जनाएको छ ।सूचनाको स्रोतका रूपमा सामाजिक सञ्जाल सबैभन्दा प्रभावकारी माध्यम बनेको सर्वेक्षणले देखाएको छ । ७३.७ प्रतिशत उत्तरदाताले सामाजिक सञ्जालबाट मानव बेचबिखनसम्बन्धी जानकारी प्राप्त गरेको बताएका छन् । त्यसपछि विद्यालय तथा कलेज ६९.२ प्रतिशत, टेलिभिजन तथा रेडियो ४८.५ प्रतिशत, परिवार तथा साथीभाइ ३७.१ प्रतिशत र सरकारी तथा गैरसरकारी संस्थाका जनचेतनामूलक कार्यक्रम ३४.७ प्रतिशतले जानकारीको स्रोत रहेको बताएका छन् । सीमा क्षेत्रमा सञ्चालन गरिएका जनचेतना कार्यक्रमबाट २०.४ प्रतिशतले प्रत्यक्ष जानकारी प्राप्त गरेको उल्लेख गरिएको छ ।सम्भावित जोखिमका संकेतबारे सोधिएको प्रश्नमा ६३.५ प्रतिशत उत्तरदाताले झुटा रोजगारीको प्रलोभनलाई प्रमुख संकेत मानेका छन् । यस्तै ६०.२ प्रतिशतले झुटा विवाहको प्रस्ताव, ६२.१ प्रतिशतले इच्छाविपरीत काम गर्न बाध्य बनाउने अवस्था तथा २५.५ प्रतिशतले नागरिकता वा राहदानी जफत गरिनुलाई मानव बेचबिखनको सम्भावित जोखिमका रूपमा पहिचान गरेका छन् ।

वैदेशिक रोजगारी वा अर्को सहरमा उच्च तलबको रोजगारीको प्रस्ताव आएमा पहिलो कदम के चाल्ने भन्ने प्रश्नमा ४७.३ प्रतिशत उत्तरदाताले प्रस्ताव र रोजगारदाताको सत्यता पुष्टि गर्ने बताएका छन् भने ४३.४ प्रतिशतले परिवारसँग छलफल गर्ने बताएका छन् । तर केवल १६.३ प्रतिशतले मात्र सम्बन्धित सरकारी निकाय वा विश्वसनीय संस्थासँग सम्पर्क गर्ने बताएका छन् । माइती नेपालका अनुसार यही तथ्यले जोखिमपूर्ण अवस्थामा आधिकारिक परामर्श तथा सहायता सेवाको प्रयोग अझै न्यून रहेको स्पष्ट पार्छ ।

सर्वेक्षणले अधिकांश उत्तरदातालाई जोखिममा परे कहाँबाट सहयोग लिन सकिन्छ भन्ने सामान्य जानकारी भए पनि केही व्यक्तिहरू अझै अन्योलमा रहेको देखाएको छ । विशेषगरी युवा तथा जोखिममा रहेका समुदायलाई लक्षित गरी सहायता सेवा, हेल्पलाइन, उद्धार प्रणाली तथा सम्बन्धित सरकारी निकायबारे थप जानकारी प्रवाह गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

प्रतिवेदनले नेपालमा मानव बेचबिखनसम्बन्धी आधारभूत जनचेतना बढ्दै गएको भए पनि डिजिटल माध्यमबाट हुने प्रलोभन, सुरक्षित वैदेशिक रोजगारी, सुरक्षित बसाइँसराइ तथा कानुनी सहायता सम्बन्धी विषयमा अझ प्रभावकारी र लक्षित कार्यक्रम आवश्यक रहेको निष्कर्ष निकालेको छ । सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै झुटा रोजगारी र अन्य प्रलोभनमार्फत हुने मानव बेचबिखनका जोखिम पनि बढेकाले डिजिटल साक्षरता र सचेतनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ ।

विश्व मानव बेचबिखन विरुद्धको दिवसको अवसरमा माइती नेपालले मानव बेचबिखन नियन्त्रणमा सरकार, सुरक्षा निकाय, स्थानीय तह, सञ्चारमाध्यम, शैक्षिक संस्था, नागरिक समाज, निजी क्षेत्र तथा समुदायबीच अझ प्रभावकारी सहकार्य आवश्यक रहेको जनाएको छ । संस्थाले सुरक्षित सूचना, सही निर्णय र समयमै सहायता सेवामा पहुँच विस्तार गर्न सके मानव बेचबिखनका घटनामा उल्लेखनीय कमी ल्याउन सकिने विश्वास व्यक्त गरेको छ ।माइती नेपालका कार्यकारी निर्देशक विश्वराम खड्काले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा मानव बेचबिखनविरुद्धको अभियानलाई जनस्तरसम्म प्रभावकारी बनाउन सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको उल्लेख गरिएको छ । उहाँले सीमा नाकामा मात्रै होइन, गाउँदेखि सहरसम्म सुरक्षित वैदेशिक रोजगारी, सुरक्षित बसाइँसराइ र मानव बेचबिखनका जोखिमबारे निरन्तर सचेतना फैलाउनुपर्ने आवश्यकता औँल्याउँदै राज्य, समुदाय र नागरिक समाजबीचको सहकार्य अझ सुदृढ बनाउन आग्रह गर्नुभएको छ ।

माइती नेपालको निष्कर्ष अनुसार मानव बेचबिखन नियन्त्रणका लागि जनचेतना बढाउनु मात्र पर्याप्त छैन । नागरिकलाई सही सूचना, सुरक्षित निर्णय गर्ने क्षमता, विश्वसनीय सहायता सेवा र कानुनी संरक्षणमा सहज पहुँच सुनिश्चित गर्न सके मात्र मानव बेचबिखनविरुद्धको अभियान प्रभावकारी बन्नेछ ।


## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघि:**

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं ।

**बाढी/पहिरो आएमा:**

- अनावश्यक हिँडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड